# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

**२०७८/०२/२१**

**आठौं अधिवेशन**

**(दोश्रो वैठक)**

## बाचन पत्र (रिडिङ्ग पेपर)

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको आठौं अधिवेशनको दोश्रो बैठकको कारबाही प्रारम्भ हुन्छ ।

**ढ्यापढ्यापेमा माननीय पठान सिंह बोहरा**

माननीय सभामुख महोदय राष्ट्रिय राजनितीमा आयको परिवर्तन हरुले केहि तरङ्ग ल्यायको छ र त्यो तरङ्ग बाट सुदुरपश्चिम प्रदेश पनि अछुतो रहेको छैन सुदुरपश्चिम प्रदेश तथा सुदुरपश्चिम सरकार हामी कोहि पनि यस बाट अलग हुन सक्दैनौ त्यसकारणले नेपाल कम्न्युष्ट पार्टि यो सुदुरपश्चिम सरकारलाइ दियको समर्थन फिर्ता लिसकेको च त्यसको जानकारि संसद सचिवालयलाइ त्यो बुझाइ सकेको छ र त्यो १४ गते त्यो ९६७ दर्ता नम्बर छ दर्ता पनि भैसकेको छ मैले यहा बएको देखेन तसर्थ नेकपा एमाले अब प्रतिपक्ष भएको छ प्रतिपक्षमा ब्यवस्थापनलाइ पनि म आग्रह गर्दछु साथै पार्टिले समर्थन फिर्ता लिसकेपछि अब यो सरकार सुदुरपश्चिम प्रदेश सरकार स्वाभाबिक रुपमा पछाडि परेको छ र अल्पमतको सरकार होस भन्ने म जोडदार माग गर्दछु धन्यबाद ।

**माननीय सदस्यहरु,**

प्रदेश प्रमुखको कार्यालयबाट मिति २०७८।०२।१९ च१.नं.७४ को पत्र प्राप्त हुन आएको छ ।

अबम, उक्त पत्र पढेर सुनाउछु ।

मिति :- २०७८/०२/१९

माननीय सभामुखज्यू,

प्रदेश सभा,

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

**विषय :- प्रदेश सभाको आठौं अधिवेशन आह्वान गरिएको ।**

नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम सुदूरपश्चिम प्रदेशको प्रदेश सभाको आठौं अधिवेशन मिति २०७८साल जेठ २१ गते शुक्रबार अपरान्ह३:०० बजेदेखी शुरु हुने गरी आह्वान गरेको छु ।

**<u>बोधार्थ</u>**

माननीय मुख्यमन्त्रीज्यू,
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, धनगढी, कैलाली ।

**माननीय सदस्यहरु,**

सातौं अधिवेशनमा पारित भएका **"प्रदेश बालबालिकासम्बन्धी व्यवस्था गर्न बनेको विधेएक, २०७७", "सुदूरपश्चिम प्रदेशको वीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेएक, २०७७", "सुदूरपश्चिम प्रदेश दुग्ध विकास वोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको बिधेएक, २०७७", "सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेएक, २०७७"** मिति २०७८/०१/०७ मा र **"सुदूरपश्चिम प्रदेशको राष्ट्रिय वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेएक, २०७७"** मिति २०७८/०२/१० मामाननीय प्रदेश प्रमुखबाट प्रमाणीकरण भएको जानकारी गराउदछु।

**माननीय सदस्यहरु,**

सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविध तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ लाई संशोधन गर्न बनेको अध्यादेश माननीय प्रदेश प्रमुखज्यूबाट मिति २०७८।०२।१४ गते जारी भएको व्यहोराको पत्र सचिवालयमा मिति २०७८।०२।१६ गते प्राप्त भएको जानकारी गराउछु ।

**माननीय सदस्यहरु,**

आठौं अधिवेशनको शुभकामना आदान प्रदानका लागि प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलहरूबाट केही माननीय सदस्यहरूलाई बोल्ने अवसर प्रदान गर्न सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली ,२०७४ को नियम ५७ बमोजिम विशेष समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय अमर बहादुर साउँदलाई समय दिन्छु ।
माननीय सभामुख महोदय आज मिति २०७८।०२।२१ सुदुरपश्चिम प्रदेश सभाको आठौ बैठक प्रारम्भ हुन गैरहेको छ यसै अवसरमा म नेकपा एमाले संसदिय दलको प्रतिनिधि सदस्यका हैसियतले यहाँहरु सबैलाइ स्वागत गर्न चाहान्छु र यो अधिवेशन सम्पन्न होस भन्ने शुभकामना ब्यक्त गर्न चाहान्छु । माननीय सभामुख महोदय अहिले भर्खरै हाम्रै सत्ता पक्षकै केहि माननीय सदष्यहरु बाट माननीय त्रिलोचन भट्ट नेतृत्वको सरकार वाट फिर्ता हुने भने निर्णय आश्चर्यजनक हामीले यहा सुन्यौ मयहाहरुलाइ म , मुख मार्फतस्मरण गराउन चाहान्छु माननीय सभाआठौ बैठक बाट सर्सम्मत रुपमा माननीय त्रिलोचन भट्ट सरकारलाइ को समर्थनलाइ यथावत राख्दै अझै झन प्रभावकारि रुपले यहि नेतृत्वको सरकारलाइ झन आफ्ना गतिबिधिहरु अगाडि बढाउने सर्बसम्मत निर्णय भएको भए पनि म निर्णय गराउन चाहान्छु । माननीय सभामुख महोदय हामी आज अत्यन्तै बिषम परिस्थितमा हामी आज आठौ अधिवेशनमा शुभारम्भ गर्न गैरहेका छौं आज यकातिर सामाजिक समस्या रहेको छ भने अर्को तिर राजनीतिक

बिषमता पनि हाम्रा माझ भएको कुरा सर्बिधितै रहेको छ म यहाहरुका माझमा सर्बप्रथम अहिले बिश्व कोरोना महामारीबाट प्रभावित भैरहँदा संसार भरि साढे १७ करोड मान्छे यो महामारी बाट संक्रमित भएका छन यहा करिब ३७ लाखको हारहाराहरिमा पुगेको छ त्यशैले हाम्रो देश नेपाल पनि यो कोरोना भाइरसबाट अछुतो रहन सकेको छैन नेपालमा पनि हाल सम्म आजको दिन सम्म करिव ६ लाख मान्छेहरु यो रोगबाट संक्रमित भएका छन भने करिब ६ हजार ५ सय जनाको मृत्यु भएको छ हामी सबैलाइ थाहा भएको छ यस्तो बिषम परिस्थितमा म सर्बप्रथम नेकपा संसदिय दलको सदष्यका हैसियतले सर्वप्रथम यो रोगबाट मृत्यु हुने सम्पुर्ण नेपाली आमा बवा दाजुभाइ दिदिबहिनि हरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु करिब १ लाखको हाराहारिमा सक्रिय संक्रमितहरु होम आइसोलेशनमा अगाडि बढिरहेका छन त्यसैले म ति सम्पुर्ण संक्रमितहरुको शिघ्र स्वास्थ्य लाभको शुभकामना पनि दिन चाहान्छु र यो महामारीको अग्र पंक्तिमा रहेर यो महामारीलाइ नियन्त्रण गर्नाका लागि अहोरात्र खटेर ति स्वास्थ्य कर्मिहरु सुरक्षा कर्मीहरु र सञ्चार कर्मीहरु र सम्पुर्ण सामाजिक अभियानता हरु प्रति पनि हार्दिक सम्मान तथा नमन गर्न चाहान्छु  र उहाहरुलाइ सम्पुर्ण नेपाल कम्युनिष्ट पार्टी नेकपा एमाले संसदिय दलको तर्फवाट धन्यबाद पनि दिन चाहान्छु । माननीय सभामुख महोदय यसरि आज देश अत्यन्तै बिभिन्न किसिमका संक्रमण बाट बिभिन्न किसिमका राजनीतिक नैतीक संवैधानिक र संघीयता बिरोधि गतिबिधि बाट पनि अछुतो रहन सकेको छैन हामीले हाम्रो केन्द्रीय राजनीति अथवा केन्द्रीय सरकारमा बिभीन्न खालका राजनीतिक घटना भएको देखेका छौ त्यसैले सारा देश अथवा सिङ्गो संसद देखि लिएर संवैधानिक अथवा न्यापालिकामा बिभिन्न खालका बिचित्र र संघीयतामा बिभिन्न खालका प्रहार र राजनीति प्रति जनताको बितृष्णा हुने परिवेशको बिकास हुन गैरहेको छ त्यसैले म यहाहरु सम्पुर्णलाइ हार्दिक अनुरोध गर्न चाहान्छु हामी सम्पुर्ण सुदुरपश्चिम प्रदेश सभाका हिसाबले कम्तिमा हामीले रहेर सुदुरपश्चिमले जनताले दियको जुन अभिमतको कदर कर्दै यो जुन त्रिलोचन भट्ट नेतृत्वको बहुमतको सरकारलाइ यथावत कायम गर्दै अहिलेको माहामारीसँग कसरि जुध्न सकिन्छ देशमा औषधिको अभाव छ भेन्टिलेटरको अभाव छअक्सिजनको अभाव छ , बिभिन्न स्वास्थ्य सामग्रिको अभाव छ यि अभाव सँग कसरु जुध्न सकिन्छ यो  हाम्रो सामुमा चुनौति छ त्यसैले यो बिषम परिस्थितको अझै सुदुरपश्चिम सरकारलाइ र सुदुरपश्चिम प्रदेश सभालाइ एकदम घनिमुक ढङ्गले यलाइ हामीले जिम्मेवार ढङ्गले अगाडि बढायर हामीले यसको ओझलाइ अझै गतिशिल बनाउन र यसको मर्यादालाइ कायम गर्न हामी अझै संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दल र यहा उपस्थित सम्पुर्ण माननीय ज्यूहरुको अह्म भूमिका र दायित्व छ भन्ने कुरा यहाहरु सवैलाइ अवगत छ र यहि कुरा म आफ्नो त्रफबाट धारणा पनि म राख्न चाहान्छुँ त्यसैले यस्तो महामारीको बेलामा अब हामी आठौं अधिवेशनको बर्षे अधिवेशन अर्थात यलाइ नेपाली राजनीतिमा यो अधिवेशनलाइ बजेट अधिवेशनको रुपमा पनि हामीले लिने गरेका छौ यो पनि हामीले सरकारका नीति तथा कार्यक्रम देखि लिएर बजेट पास गर्ने देखि लएर अन्य बिबिध खालको यो प्रदेश सभाले गर्नु पर्ने महत्वपुर्ण जिम्मेवारी हामीले बहन गर्नु पर्ने छ यसै सन्दर्भमा म सम्पुर्ण राजनीतिक दल र माननीय ज्यूहरु लगायत सबैलाइ के कामना गर्न चाहान्छु भणे यस्तो बिषम परिस्थितमा हामीले

यो आठौं उअधिवेशनलाइ हामीले अझै एकदम सफलता पुर्वक सफल गर्नका लागि हामी सबै राजनीतिक दल को भूमिका निर्बाह गर्नु पर्ने अह्म दायित्व हामी सबैका  राजनीतिक दल देखि लियर माननीय ज्युका काँधमा सरकारको काधमा आइपरेको छ । यस्तो अवस्थामा हामी आज बिभिन्न् खालका कुरामा नअल्झि बिभिन्न खालका र संघीय राजनीतिमा देखियका राजनैतिक नैतिक परम संकट न्यायपालिकामा देखि लियर अन्य संवैधानिक निकायमा जुन असंवैधानिक गतिबिधि भैरहेका छन त्यसबाट हामी पाठ सिक्दै अझै यो प्रदेश सभालाइ जुझारु र यसको ओझ कायम राख्नका लागि हामी सबै अगाडि बढ्नु पर्छ भन्ने मलाइ लाग्छ त्यसैले यो अधिवेशन बजेट अधिवेशन भएको नाताले पनि म सुदुरपश्चिम प्रदेश सरकारलाइ अथवा माननीय मन्त्रीहरुलाइ बिनम्र आग्रह पनि गर्न चाहान्छु नेकपा एमाले संसदिय दलका तर्फबाट बिगतमा भएका बजेट देखि निति तथा कार्यक्रम मा भएका कमिकमजोरिलाइ हामिले औंल्याउदै यसबाट हामीले पाठ सिक्दै अबको बजेट अहिलेको कोरोना महामारि सँग जुध्ने खालको र सुदुरपश्चिमेली जनताका जन आकाङ्क्षा लाइ परिपुर्ति गर्ने खालको जुन बिगतमा हामीले पटक पटक कुरा उठायौ सुदुरपश्चिम प्रदेश सरकारको बजटे असन्तुलित भयो अस्वाभाविक भयो र त्यति बिभिन्न खालका टिकाटिप्पणि हरु हामी चाहे सत्ता पक्षले हौं चाहे प्रतिपक्षले हौं ति कुराहरु एकदम जुझारु रुपले सदनमा अभिब्यक्त भए ति केहि व्यवहारमा पनि देखिय त्यस्तो खालको बजेट बिनियोजन देखि लिएर अन्य नहुन म प्रदेश सरकारलाइ संसदिय दलको तर्फबाट एकखालको सुझाव दिन चाहान्छु । अब आउने बजेट जनमैत्री होस जनमूखि होस कोरोना महामारीसँग जुध्न सक्ने खालको होस र सवै क्षेत्र भूगोल जातजातिलाइ सन्तुलित राख्ने खालको बजेट आवस र त्यो खालको तयारि गरेर प्रदेश सरकारले आफ्नो बजेट प्रस्तुत गरोस भन्ने शुभकामना दिन चाहान्छु र त्यो आग्रह पनि गर्न चाहान्छु । अन्तमा सरकारलाइ आग्रह गर्न चाहान्छु र बिभिन्न खालका यो भन्दा बिगत ३ बर्षमा जुन सदन र बाहिर उठेका बिभिन्न खालका जुन असन्तृष्टि र यो बजेटले सुदुरपश्चिम प्रदेश सरकारले दिन नसकेको जनताको अपेक्षालाइ पुरा ग्रन नसकेको कुरालाइ मध्यनजर गर्दै बिभीन्न जनमुकी कार्यक्रमको साथमा बजेट आवस र अन्तमा आज हाम्रो देशलाइ संघीय लोकतान्त्रीक गणतन्त्र सम्म ल्याउने आफ्नो प्राणको आहुति दिने ज्ञात अज्ञात सहित प्रति हामीले श्रद्धाञ्जली पनि अर्पण गर्यौं र सुदुरपश्चिम प्रदेश सभाको पहिलो प्रदेश प्रमुखको दुखद निदन प्रति हामीले श्रद्धाञ्जली अर्पण गर्यौं यसमा पनि पहिलो सुदुरपश्चिम प्रदेशको पहिलो प्रदेश प्रमुखको दुखद निधन प्रति भावपुर्ण श्रदाञ्जली र शोकसन्तप्त परिवारमा गहिरो समवेदना ब्यक्त गर्दै आजको राजनीतिमा देखियको बिभिन्न अराजनीतिक गतिबिधि देखि लियर बिधिको शासन राजनीतिमा भएका बिकृति र बिसङ्गित लाइ हटाउनको लागि यो सिङ्गो सदन हामी सबै यो संसद भित्र रहेका राजनीतिक दलहरुको यो आठौ अधिवेशन सफलता पुर्बक सम्पन्न होस र यो अधिवेशन सफल होस भन्ने शुभकामना व्यक्त गर्दै विदा हुन्छु हवस धन्यवाद ।

**माननीय अक्कल बहादुर रावल**

माननीय सभामूख महोदय हामी सुदुरपश्चिम प्रदेश सभाको आठौ अधिवेशनको दोस्रो बैठकमा उपस्थित छौ । यसमा हामी यस प्रदेश सभाको सुदुरपश्चिम प्रदेश सभाको पहिलो प्रदेश प्रमुखको निधन भएको छ

दुख द निधन प्रति यो प्रदेश सभालेःश्रद्धाञ्जली शोक प्रस्ताव पारित गरिसकेको छ म पनि उहाप्रति हार्दिक श्रद्धासुमन प्रटक गर्न चाहान्छु ।सभामुख महोदय यति बेला कोभिड १९ को लहर बिश्व ब्यापिसँगै हाम्रो कुनाकान्तरा सम्म फैलियको छ हरेक बस्ति सम्म यसले मानब जीबनलापइ अस्त ब्यस्त पारिराखेको अवस्था पनि छ पुरै नेपाली जनाताको मान्छेको बाच्न पाउने अधिकार माथि पनि प्रश्न चिन्ह उठिरहेको वेला मान्छेको जीबनलाइ रक्षा गर्न नसकिरहेको बेला राष्ट्रिय राजनीतिमा काला चिन्ह देखा परेका छन् जुन राम्रा छैनन् तिनिहरु प्रेति यो प्रदेश सभा सामुहिक रुपमा सामना गर्ने छ सामुहिक रुपमा खेद प्रटक गर्ने छ ग्रनुपर्छ भन्ने मेरो मत रहेको छ त्यसैले राजनीतिक स्थिरता जनताले जुन चाहेका थिय राष्ट्रलाइ अस्थिरता तिर धकेल्ने र जुन आप्नो कुर्सि जोगाउने खेल जुन भैराखैको छ नेपाली राजनीतिमा यसको क्षितिजमा यस प्रति यो प्रदेश सभाले आखा चिम्लेर अनुसरण गर्ने छैन भन्ने कुरा पनि म प्रतिबद्धता जनाउन चाहान्छु त्यसैले गर्दा हामी सुदुरपश्चिम हामीले हिजोको दिनहरुमा जनताका बिचमा आम मान्छेहरुका बिचमा हामीले के प्रश्न उठायौ भने सिँह दरवारले कर्णाली प्रदेश सुदुरपश्चिम जस्ता अत्यन्तै बिकट क्षेत्र प्रति हेर्ने दृष्टिकोण ठिक छैन त्यसैले हामीलाइ संघीयता चाहियको हो भनेर हिजोका दिनमा जनताका विचमा हामीले यो बिषय बस्तु लगेका हौं । आज आउदा खेरि हामीले काठमाडौंमा सिँह दरबार वरिपरि हुने राजनीतिबाट प्रभाबित भएर सुदुरपश्चिम प्रदेशलाइ प्रभावित पार्नु हुदैन र हामी एक ढिक्का भएर कुराहरुलाइ सामना गर्न सक्ने सामर्थ्य यो प्रदेश सरकारले राख्न सक्छ प्रदेश सभाले त्यो कुरालाइ अनुसरण गरेर अगाडि बढ्ने छ भन्ने कुरालाइ पनि म अनुसरण गर्न चाहान्छु । त्यसैले गर्दा यो पुरै नेपाली जनताले आफैले बनायको प्रतिनीधि सभा र त्यो बाट बनेको संबिधान माथि पनि यति बेला जुन खेल भैराखेको छ संविधानलाइ नमान्ने सर्बशक्तिमान कोहि च भने म मात्र छु । संविधान माथि कोहि छ भने म छु भन्ने दम्भ वा घमण्ड जुन खालको शासन सत्तामा बसेका प्रमुख पात्रमा देखा परेको छ यसले हामीलाइ गम्भिर तुल्यायको छ हजारौ मान्छेहरुको बलिदान बाट यो प्राप्त संविधान ति सिमित शासकहरुको उसमा चेपिन जान हुदैन यसका निम्ति पनि हामीले खबरदारि गर्न जरुरि छ त्यसैले गर्दा त्यहि संविधानको परिकल्पना अनुसार हामी प्रदेशको परिकल्पनामा छौ संघीय साशन प्रणालीको हांमी अनुसरण गरिरहेकका छे र यो प्रणाली अनुसार प्रदेशमा धेरै प्रदेश सरकार प्रदेश सभामा धेरै अधिकार प्राप्त हुने छन र त्यसबाट हामीले समृदिको यात्रालाइ एकदमै फराकिलो बनाउने छौ र हामी आफ्नै यो प्रदेश लाइ यहाको माटो सुहाउदो बिकासको कुराहरु यसलाइ हामी अगाडि बढाउनका लागि हामीलाइ सहज हुन्छ भन्ने खालको परिकल्पना थियो । त्यो अनुसारको परिकल्पना हामीले अभ्यास त गरिराखेका त छौ तर त्यहि अनुसारका स्रोत साधन र हिजो देखि पिछडिदै आयका हामी त्यो खालको राजनीतिक रुपमा पनि ठगियौ भौगोलिक रुपमा पनि ठगियौ त अर्को तिर राजनीतिक आँखामा राज्यको हेर्ने नजरमा पनि ठगिदै आएका थियौ त्यसमा पनि हामीले यो प्रदेश सभावाट यो प्रदेश सभामा जुन अपेक्षा हरु थिय आज त्यो क्षेत्र भुगोल अझै कर्णाली र सुदुरपश्चिम जस्ता क्षेत्रमा हामीलाइ त क्षतिपुर्ति सहितको व्यव्सथा गर्न पर्थ्यो राज्यले करिब शासन प्रणाली परिवर्तन हुने तर सुदुरपश्चिमको अनुहारमा केहि पनि चेन्ज नआउने बिगतका दिनमा थियो फेरि पनि कुदृष्टि हरु पुरानै चश्मा हरु फेरि प्रयोग हुन

थालेका हुन कि भन्ने देखिन्छ हामीले फेरि देखेका छौ बजेटमा ब्यापक कटौति भएको छ आयको बजेट पनि अत्यन्तै सानो आकारको आउने र हाम्रा बिकट बस्तिका जहा सडक पुगेको छैन खानेपानी पुगेको छैन मान्छे पिठ्युमा भारि बोकेर पानी बोकेर टाढाटाढा बाट बोकेका छन त्यसतो ठाउमा हामीले बिनियोजन गर्ने बजेटमा पनि कटौति भएको छ त्यसैले गर्दा यि ठाउमा क्षतिपुर्तिको माग गर्न पर्ने प्रदेश सरकारले एकल ढिक्का भएर एउटा सङ्कल्प प्रस्ताव पारित गर्नुपर्ने बेला आयको छ त्यसैले गर्दा पनि हामी एक ठाउमा उभिन पर्छ त्यसको लागि पनि अर्को बिकल्प छैन त्यसैले हामी एक ठाउमा उभियर मात्रै संघीयताको रक्षा गर्न सकिन्छ हामीले प्रदेशको रक्षा गर्न सक्छौ त्यसका निमित यो प्रदेश सभा यो हामी बर्षे अधिवेशनमा छौ यो अझै बर्षे अधिवेशनले अझै बजेट निर्माणका कुरामा र अन्य सबै कुराहरुमा निर्धक्क भएर आफ्ना नीति तथा कार्यक्रममा प्रदेशलाइ बलियो बनाउने खालको नमुना बनाउने खालको काम गर्ने छ भन्ने आशा र भरोशा का साथ म यो प्रदेश सभाको आठौं अधिवेशनको सफलताको कामना गर्न चाहान्छु धन्यबादनमस्कार । ,

**माननीय रणबहादुर रावल**

माननीय सभामुख महोदय सर्बप्रथम त सुदुरपश्चिम प्रदेशको आठौं अधिवेशनको सफलताको कामना गर्न चाहान्छु । यो अधिवेशन बजेट मुखि पनि भएको कारणले बिगतको जस्तो निराशा मुखि हुने छैन भन्ने पनि आशा लिएको छु सर्बप्रथम त म सुदुरपश्चिम प्रदेश प्रमुख मोहन राज मल्ल जन्युको निधन भएको हुनाले उहाप्रति हार्दिक श्रदाञ्जली अर्पण गर्न चाहान्छु र उहाको परिवारप्रति धैर्यधारण गर्ने शक्ति मिलोस भन्न चाहान्छु यो म लागायत नेपाली कांग्रेस संसदिय दलको तर्फबाट बास्तवमा आठऔं अधिवेशन बिगतका सबै अनुभव बोकेर तिता मिथा देखि लियर सबै कुराका अनुभव बोकेका हामी सबै यहाँ उपस्थीत छौ र यो अधिवेशनले सुदुरपश्चिमको जनताको पक्षमा सुदुरपश्चिम बासिको पक्षमा सुदुरपश्चिमको पक्षमा हुने छ भन्ने बिश्वास लिएको छु । साच्चिकै बिगतमा त सकेनौ तर नारा त राख्या थियौ समृदिको नारा छोटो पनि समृदि बढाउनमा टेवा पुग्ने छ लोक कल्याणकारि कार्यहरु बिशेस गरि परिणाम मुखि योजनाहरु चलायमान हिसाबले अगाडि बढ्ने छ र उत्पादनशिल क्षेत्रमा तथ्य परक हिसाबले बढ्ने छ यो योजना पनि आउने छ भन्ने शुभकामना पनि दिन चाहान्छु अझै बिशेस बालबालिकामाथि अत्याचार बिरोद्धको दिवस पनि भएको हुनाले सम्पुर्ण स्वदेश र बिदेशमा भएका बालवालिकाहरुको कम्तिमा खुलेआम अत्याचार नहोस सुरक्षित हुन भन्ने पनि शुभकामना दिन चाहान्छु र साथै बिगतमा तेह्र बर्षे बालिका निर्मला पन्त लगायत अन्य को बलात्कार गरि निर्मम तरिकाबाट हत्या भएको छ । यस्तो जघन्य अपराध भएको कारणले उनले पनि न्याय पाउने छिन लामो समय भएपनि भन्ने मैले ठानेको छु । यहि सन्दर्भमा कोभिड १९ को कारणले सुदुरपश्चिम र सम्पुर्ण देश त्रयानम अवस्थामा छ सुदुरपश्चिममा झण्डै ५१६ भन्दा बढिले ज्यान गुमाइ सकेको अवस्था छ र सम्पुर्ण सुदुरपश्चिममा हेर्दा ७५५५ नेपाली दाजुभाइ हरुले ज्यान गुमायको अवस्था छ बिदेशमा पनि नेपाली दाजुभाइ हरुले ज्यान गुमायको अवस्था छ ति सम्पुर्ण जो ज्यान गुमाउनु भयो कोभिडको कारणले तिनिहरु प्रति हार्दिक श्रदाञ्जली छ र साथै उहाको परिवार जनलाइ समबेदना दिन चाहान्छु । र कोभिड को तेस्रो चरणको

कुरा त छदै छ हिजो कालो ढुसि मार्फत एक जना बर्दगोरियाको मान्छेको निधन पनि भयो । उहाप्रति र उहाको परिवारप्रति श्रदाञ्जली दिन चाहान्छु र समबेदना पनि ब्यक्त गर्न चाहान्छु । र यो ओमिकस वा कालो को बारेमा त सरकारले धेरै गर्न सक्थ्यो धेरै ठाउमा चुकेको १९ढुसिको सन्द्रभमा कोभिड | जनामा लाग्यो भने १००अत्यन्तै छ कमसेकम अब आउदा दिनमा यो सरकारले यो कालि ढुसि भन्ने ज ५०नाको मृत्यु हुन्छ भन्ने आँकडा आएको छ यो बहुतै गम्भिर तरिकाले आयको छ साथै तेस्रो चरणको कोभिड पनि आएको हुनाले त्यसमा एकदमै ध्याना दिन्छ कि भन्ने आशा लिएको छु त्यसमा हामी अगाडि बढ्न जरुरि छ साथै स्वास्थ्यकर्मीहरुहरुसुरक्षा कर्मी , सवैले धेरै ठुलो मेहेनत गरेर किभिड सँग जुधिरहनुभएको छ उहाहरु प्रति पनि श्रद्धासम्मान दिन चाहान्छु नेपालको संबिधान २०७२ बास्तवमा नेपालमा मात्र नभएर एसियामा नै एउटा माथिल्लो दर्जाको भनेर चिनियको संविधान जहा हामी नेपाली हरु वास्तवमा सार्बभौम सम्मन्न पनि भएका छौ सात दशक लामो नेपालको संघर्ष हजारौ बलिदान पछि पायको संविधान वास्तवमा बलियो संबिधान र गौरव दायी संविधान पनि हो । संविधानको कार्यान्वयनको सन्द्रभमा नेपाली कांग्रेस सभापति शेरबहादुर देउवा जि आफु पछाडि परेर पनि कार्यान्वयन गर्नु भो निर्वाचन पनि सम्पन्न गरेर आफ्नै सहयात्री अन्य पार्टिहरुलाई बिशेस गरेर त्यति बेलाको नेकपा एमाले नेकपा माओवादि सयुक्त गठबन्धनलाई बहुमत दिएकै हो संविधान कार्यान्वयन भएको भए सायद पाउने पनि थिएन होला । त्यसैले संविधान अहिले कार्यान्वयनको सन्दर्भमा अहिले सम्माननीय केन्द्रीय प्रधानमन्त्रीको हातमा छ । राष्ट्र अध्यक्षको हैसियतले यो संविधान कार्यान्वयनमा छ यहाहरुलाइ अवगत नै छ अब लोकतन्त्र कुन अवस्थामा पुग्ने हो त्यस सन्दर्भमा धेरै प्रश्न चिन्हहरु खडा भएका छन । यसको जिम्मेवारिको हकमा सम्मानीय प्रधानमन्त्री के पी शर्मा वलि ज्यु र सम्मानीय राष्ट्रपति ज्यु पनि प्रमुख भूमिका मा हुनुहुन्छ भण्ने हामीले बिश्वास गरेका छौ र यो जनताको भावना हो । यसै सन्दर्भमा यो संबिधाबको बिषयमा कुरा गर्दा संघीय लकतान्त्रिक गनतन्त्रात्मक शान ब्यवस्था दिगो शान्तिको कुराहरु छ शुशानको कुराहरु छ बिकास र समृदिको आकाङ्क्षा का कुराहरु छन । स्वाभावले जनतामा आशा पलाउनु स्वाभाविक कुरा हो अब पुर्ण तया संशदिय पद्धतिको सन्दर्भमा र मुल्यमान्यताको सन्दर्भमा लोकतान्त्रिक राज्य स्थापना र कार्यान्वयन हुने सन्दर्भमा अहिले वास्तवमा हेर्ने हो भने हामीलाइ त उपहास को रुपमा मात्र होइन अन्तराष्ट्रिय उपहासमा पनि हामी भएका छौ सत्ता लोभताको प्रभावता र कुर्षि बाहेक अरु केहि नदेख्ने नैतिकता को तय शुन्य अवस्थामा पुगेको छ अहिले । चरम भ्रष्टाचार राष्ट्रको सम्पतिको पुर्ण दोहनको अवस्थामा पुगेको छ । जनता माथि जनतालाइ सेवा भन्दा पनि शोशण लादियको अवस्थआ छ सम्मानीय राष्ट्रपति बाट संविधानको संरक्षक र राष्ट्रबाद भन्दा सम्माननीय प्रधानमन्त्रीको प्रकृतिको काम गरेको बाध्य भएर यहाँ भन्नु पर्ने अवस्था भएको छ सम्मानीय प्रधानमन्त्री बाट संविधानको मुल्य मान्यता बारेमा पार्टिको आन्तरिक कलहमा देश र जनतालाइ यत्रो २जनताले मत दिदाँ पनि मैले त भन्छौ यो त घातै हो जस्तो लाग्छँ। पार्टिको आन्तरिक कलह को ३/ २/२लाइ लिएर यत्रो समग्र राज्य सञ्चालनमा बाधा पुर्याउनु गलत कुरा हो चोटि संघीय सभा बिघटनको प्रस्ताव हुनु अहिले अन्तिम सम्मानीत सर्वोच्च अदालतमा निवेदन दिन पर्ने भएकोले त्यसको

बारेमा भन्न चाहादिन साथै देश पर्ण तया अध्यादेश बाट सञ्चालित । संवैधानीकसामाजिक ,रानीतिक , बातावरणिक हिसाबले पनि देश र जनतालाइ खाल्डोमा हाल्ने ,आर्तिक प्रबृतिहरु देखा पर्नु बहुत दुख दायि कुरा हो । हुदा हुदा आज दिगो ब्यवस्थापनको सन्दर्भमा हाम्रै सम्मानीय को नेतृत्वमा चुरे भावर संरक्षंणको जिम्मेवारि पनि हो उहा अहिलेकै संरक्षक पनि हुनुहुन्छ । र भर्खरैको संघीय बजेट बाट जुन निर्णय भयो जुन गिट्टि बालुवा जुन चुरेबाट निकाल्ने कुरा भएको छ जुन बहुतै गम्भिर मोडमा देश छ आज लगभग ६० प्रतिशत भन्दा बढी जनसंख्या तराईमा भएको हुदा मरुभुमिकरण हुने अवस्थामा छ । आज आफ्नो स्वार्थलाइ प्राथमिकरण गर्दा तराइ मधेश मरुभुमिकरण हुने अवस्थामा पुगेको छ । यो , अवस्थामा गम्बिर कुरा छ त्यसैले योअवस्थामा केहि ब्यक्तिहरुलाइ बजेट त देखियो सिमित तर कर्णाली र सुदुरपश्चिमलाइ पनि यो बजेट ले छुन सक्या छैन खास गरेर केहि ब्यक्तिहरुलाइ साच्चिकै लुम्बिनीबाग ,बुटवल ,ृमति लगायत केहि प्रदेश का केहि पहुच वाला मन्त्रीकोमा त सम्पुर्ण बजेटको मेजर अंश त्यहि पुगेको छ । दुर्भाग्य हो यो अब यहि सन्दर्भमा म माननीय सभामुख महोदय प्रदेश सरकारको सन्दर्भमा सुदुरपश्चिम प्रदेशमा बिगतको नेकपा को सरकार हालै छैनन् बिशेस गरि कसको जेहोस नेकपा माओवादि केन्द्रको नेतृत्वमा छ अघि भर्खर एक जना माननीय ज्युले मैले यहि थाहा पाय केन्द्रीय नेकपा एमालेको पार्टिको हिसाबले दर्ता भएको कुरा पनि सुन्न पाय मैले त्यो थाहा पाएको थिएन त्यो एउटा लोकतान्त्रिक हिसाबले सञ्चालित हुन्छन अहिलेको हिसाबमा संविधानमा पार्टिलाइ बलियो स्थान दिएको हुन्छ । जतिपनि सभापति हुनुहुन्छ हामीहरु छौ सवै पार्टिबाट निर्वाचित भएर पार्टिको सिफारिसमा हामी आयको हो जनताले अनुमोदन गरेको हुन्छ । त्यसैले यहि सन्दर्भमा अलिकति अहिलेको वर्तमान सरकारको स्थिति हेर्दा अल्पमतकै सरकार देखिन्छ यसमा यदि राम्रो सँग बुझियो भने मलाइ लाग्छ समयमै यो सरकारलाइ जसरि सहकार्य गर्ने सहयोगको हिसाबले एउटा नेकपाकै एउटा समुहले दियको छ त्यो राम्रो कुरा पनि होला तर कमसेकम एउटा बिश्वास कोमत समय भित्रै दिन पर्ने एउटा हामी लोकतन्त्रमा बिश्वास गर्ने र एउटा बिधि बिधानलाइ मान्ने हुनाले त्यस सन्द्रभमा माननीय मुख्य मन्त्री जिले त्यसमा भएर अगाडि बढ्नु त्यसको लागि हामी बिशेस अनुरोध पनि हाम्रो नेपाली कांग्रेस संसदिय दलको तर्फबाट गर्न चाहान्छौ । बिशेस गरि सुदुरपश्चिम प्रदेश सरकारको बिगतको समिक्षा गर्दा धेरै समय लाग्न सक्छ त्यसैले म यहा केहि पर्तिनिधि मुलुक कुराहरु मात्र गर्न चाहान्छु वास्तवमा जतिसुकै योजनाहरु तर्जुमा गरेपनि योजनाको सन्दर्भमा बहुतै बिभिद पुर्ण तरिकाले सभासद हरु बिशेस पहुँचे वाला बाहेक माननीय ज्युहरु मन्त्रि ज्यु हरु बाहेक माननीय ज्युहरु पनि सत्ता पक्षकै पनि बिभेदमा परेको मैले देखेको छु अझ समानुपातिकि भन्ने त झन बिभेदमा परेको बुझेको छु त्यसकारण चाहि बिगतमा भएका ४ वटा योजनाको सन्दर्भमा बहुतै गमभिर त्रुटि भएको हामीले देखेका छौ जसको कारणले आज हामिले यो चिज गर्यौ यो चिज गर्नाकालागि आज ४ वटा योजनाहरुमा बजेट प्रयोग गरेका थियौ जसले गर्दा छातिमा हात लगायर अगाडि बढ्न सक्ने वातावरण रहेको छ आज हामी प्रतिपक्ष भए पनि हरेक राम्रा कुरामा साथ दिएर अगाडि बढेको कुरायहाँ हरुलाइ अवगत नै छ तत्पश्चात पनि जुन हिसावले बिभेद गर्दै आयको छ त्यसको फल मलाइ लाग्छ एकदिन अवश्य पनि भोग्नै पर्छ। संघीय

सरकार जस्तै तर पात्र हरु फरक देखिन्छन या पुर्णतया अवलोकन गरियको छैन अबज्ञा गरेको देखिन्छ संसदि पद्धतिको लगभगै उपहास नै म देख्दैछु हेर्दा खेरि अहिले एक किसिमले आजको कुरा सुन्दा भित्र जुन बरिष्ठ माननीय ज्युको कुरा सुन्दा यहा सभामा १४ गते दर्ता भएको सुन्दा मलाइ लाग्छ यस्ता कुराहरु बिधि र नियम अनुसार चल्नु पर्ने हुनाले त्यसलाइ हेरेर अगाडि बढ्नुको सट्टामा यहा तुरुन्तै अर्को सरकार स्थापना गरेर अगाडि बढ्ने कुराहरु सुनियो । सरकार बिस्तार भएको त्यलाइ त्यति जनताले उपहासको रुपमा लिएका छन अब हामीले त निर्णय गर्न वाकी नै छ त्यसैले अहिले धेरै ले के भन्ने गरेका छन भन्दा खेरि अहिलेको सरकार जुन बनेको छ सुदुरपश्चिमको सरकार यो जुकाटको सरकार र जुकाटको मन्त्रिमण्डल भनेर उपहासको खबर मलाइ १० ठाउबाट आयको छ त्यहि मैले सापटि लिएर यहा भन्दै छु भताभङ्ग अवस्थामा छ । यो बिचको साटघाँट हो भनेका  छन यो मेरो भाषण भन्दा पनि जनताको भाषण मैले १० चोटि सुनेको हुनाले भनेको हो बर्तमान अवस्था गैरकानुनी अवस्था यहि हिसाबले हो भने त हामी साच्चिकै हामीले त कानुनी वैयक्तिता दिएर हामीले अगाडि बढ्नु पर्छ किनभने राजनीतिक सिस्टम बसाल्न हामीले आयको हो हाम्रो यो नितान्त रुपमा कानुन निर्माण गर्ने यो थलो कानुनको अपहेलना कानुनको पालना हामीले गरेनौ भने सानो कुरा उठ्नासाथ हामीले त्यसअनुसार तरङ्गित भएनौ त्यसअनुसार रेस्पोन्स दिएनौ भने जनतामा निराशा हुन सक्छ जसले गर्दा लोकतन्त्रलाइ पनि असर गर्न सक्छ भोलि गएर यसका अरु पाटा पनि अगाडि पर्न सक्छन त्यसकारणले लोकतन्त्रको रयो भनाइ धेरैको भनाइ के छ भने अहिलेको बर्तमान सरकार नेताको दाबेदारी र राम्रो छैन मलाइ पनि चित्त त बुझेको छैंन तर जनताको प्रतिनिधि भएको कारणले जस्ताको त्यस्तै भनेको हो मैले मेरो भ्रष्टण होइन यो जनताको हो नेताको दाबेदारिमा चलेको छ गुलामि गर्न बाहेक केहि गर्न सकेको छैन अगि एकजना हाम्रो प्रमुख सचेतक जिले भनेको जस्तो वास्तवमा क्षतिपुर्ति पाउनु पर्ने हो सुदुरपश्चिम र कर्णालि प्रदेशले हाम्रो लडाई बिगत लामो समय देखि पछाडि पारियको कारणले एउटा बिगतको आधारमा जनसङ्ख्याको आधारमा भुगोलको आधारमा त्यो मान्य हुदैन त भनेकै हो यहा सम्मानीय प्रधानमन्त्री यहि आउदा खेरि पनि हाम्रो सम्मानीय मुख्यमन्त्री ज्यु यहि हुनुहुन्थ्यो हामीले भनेकै हो तपाइहरु क्षतिपुर्ति सहित आउनुस है प्याकेजमा नत्र हामी यो सदनमा बोल्न पनि हामी त्यसको बिरोध त गर्ने अधिकार हामीमा छनि भनेकै हो तर उहाले दिन्छु भन्नु भाथ्यो अहिले सम्म केहि दिएकै छैन यो के हो भने हाम्रो एकता र हाम्रो आवश्यकता हाम्रो चाहना अनुसारको एकता बद्ध भएर संघीय सरकारलाइ  दवाब दिन नसक्नु अहिलेको प्रदेश सरकारको कमजोरि हो भण्ने मैले ठानेको छु । आर्थिक बर्ष करोड  १को  ण्ठछ/ण्ठद्ध को कुरा त्यो सवै गर्दा जो ण्ठड/ण्ठठ को कुरा लिएर ठट/ण्ठछ/ण्ठद्ध देखि लिएर अहिले सम्मको३३ अरब ४८ करोड १३ लाख अहिलेको आर्थिक बर्षको सवै जोड्दा झण्डै झण्डै ८८ अर्व भन्दा माथि खर्च हुदै छ भै रहेको छ त्यसको रिजल्टको हिसाबले हेर्दा आज हामी के हुदै छ कुन अवस्थामा छौ । वास्तवमा धेरै यस्ता माननीय ज्युहरुको ईभन यस्ता माननीय हरुको पनि शिर झुकेको छ यस्ता मन्त्री ज्यु नयाँ नयाँ हुनुहुन्छ पुरा मन्त्री हरु पछाडि बस्नु भएको छ अहिले गाउ गाउमा जानुस अनि थाहा हुन्छ बहुतै गम्भिर जनताले उठायको छ सबभन्दा यो संविधानमा प्रदेश

देखियको हो तर प्रदेशको हालत देख्दा आज भन्छन स्थानिय सरकारको एउटा काम पनि प्रदेश सरकारले गर्न सकेको छैन भण्दा हामीलाइ त डिफआइन गर्नै गाह्रो भएको छ त्यो जिम्मेवारीमा हामी पनि पर्छौ त्यसकारण सबै सत्ता पक्षले मात्र गर्यो भन्ने होइन त्यसकारणले त्यसैले यो अवस्थामा सुदुरपश्चिम प्रदेश मा ९ वटै जिल्ला मा यातायात ब्यवस्था गर्ने यो आर्थिक बर्षमा शुन्य कहिले गरिन्छ जडिबुटि उद्योग को लागि २८ अरब कहिले २० करोड कहिले १० करोड छुट्याइन्छ कहिले शुन्य कहिले यस्ता महान ट्विन हरुलाइ शुन्य अवस्थामा पुर्याइन्छ त्यसमा के छ भन्दा त्यसमा जे पनि राख्न सकिन्छ सरकारमा २ बहुमत ३/भएपछि जे पनि भन्न सकिन्छ गर्न नगरे पनि हुन्छ भन्नेर खालको मनोबिज्ञान ले आज यो सरकार यो अवस्थामा पुगेको हो र हामी यो अवस्थामा पुगेको हो अहिले आर्थिक बर्ष %३३.४को बैशाख सम्मको हिसाब गर्ने हो भने टोटलमा चालु खर्च तर्फ ण्ठड/द्गण्ठठखर्च भएको छ पुजिगत तर्फ %घद्दाज्ञखर्च भएको छ र जम्मा गरेर बजेटको सालाखालिमा अहिले बैशाखको अन्तिममा आएर %घघाज्ञडभएको दिनको ६०खर्च गर्न बाकि रहेको छ जम्मा % ६६.६२छ अहिले झण्डै झण्डै | अवधिमा को हिसाब पनि गर्ने हो भने अब यो ६० दिनमा के गर्ने त यो झण्डै झण्डै २२ अरब घघ लाखरकम बाकी रहेको छ मौज्दात छ अब प्रतिदिनको साठि दिनको मात्रै उहाले जोड्दा खेरि आज जेष्ठको २१ गते यो भैसक्यो अब त झन ३९ दिन मात्र बाँकि छन अब त झन ३७ करोड प्रति दिन खर्च गर्नु पर्ने देखिन्छ जतिसुकै ऐन कानुन को कमजोरि देखाय पनि जति सँघले सहयोग गर्यो त्यो भन्ने कुरा गरे पनि कर्मचारीहरुले काम गरेनन् भन्ने कुरा गरे पनि तर आखिर के गर्दा चाहि हाम्रो ढङ्ग पुग्दो रहेनछ नि त अब यो यत्रो योजना आउदै छ त्यसबेला पनि अझ तो असारे प्रबृति मै हुने हो भने त्यो के अर्थ भयो अब कोभिड १९ को आजको जो ५१६ को मृत्यु भएको छ यसमा पनि धेरै बिशेषज्ञ हरुसँग कुरा गर्दा त्यसमा पनि ३०० करिब जनताहरु अक्सिजनको अभावमा मृत्यु भएको थियो हामीले बजेट छुट्यायौ र सबैमा बजेट कार्यान्वुन भएको भए अक्सिजन प्लान्ट पुस माघ तिर स्थापना भएको भए आज के हुन्थ्यो आज अक्सिजनको कारणले ३०० जनाको मृत्यु भएको छ । यसको जिम्मेवारी कसले लिने त हामीले लिने कि नलिने यसमा प्रदेश सरकारको जिम्मेवारी हो बहुतै गम्भिर कुराहरु छ यसमा । अर्को होल्डिङ सेन्टर कोभिड सम्बन्धि हाम्रो ईन्फरमेशन सिस्टम प्रवासी हरुको कारणले आज देशको अर्थ तन्त्र चलायमान भएको छ हामीले बारम्बार यहाका जिम्मेवार मन्त्रीहरुलाइ भन्यौ यो सदनमा पनि भन्यौ । आज कमसेकम होल्डिङ सेन्टर टाढा नगरे पनि माथिको दार्चुला त्यसपछि झुलाघाट बैतडि ज्यसपछि कञ्चनपुर यहा गौरिफन्टा धनगढि र त्यसपछि टिकापुरमा यति होल्डिङ सेन्टर र औषधि सहितको डेष्क सेन्टर राखिदिएको भए आज यो दोस्रो चरणको मा धेरै फरक पर्ने थियो अब तेस्रो | चरणको आउदा पनि बन्ने वाला छैन । त्यहि गतिले यहि भयो भने त्योभएको कारणले यो सदनमा जे कुरा उठ्छ मलाइ लाग्छ यहाँका हरेक माननीय सभआसद जि हरु सम्मानीत हुन्छन उहाहरुले उठायका कुरा ऐन कानुन सम्मान हुन्छन तर यहाँ लत्याउने काम गरिन्छ यसको पुर्ण जिम्मेवारी सरकार हो । भेन्टिलेटरको कुराहरु गरियो किन्नमा हामी हतार गर्छौं दान लिन पनि हतार गर्छौं सम्बन्धित ठाउमा पनि पुर्याउछौ तर सञ्चालन गर्ने हाम्रो जिम्मेवारि हुदैन त्यसकारण अब हामीले कोभिड

लाइ जितिसक्यौ भन्छौ WHO ले बारम्बार भन्छ कोभिडको दोस्रो चरणको दोस्रो लहर जो आउदै छ यो धेरै खतरानाक छ । आउदै छ भन्दा खेरि हामी कानमा तेल हालेर बस्छौ अब फेरि अर्को आइसक्यो नोटिफिकेशन अब भदौ उता कोभिड १९ को तेस्रो लहर आउदै छ भनिसक्यो तर हामी के भन्छौ केहि सङ्ख्याहरुमा जोले घर घरमा मान।छेहरु प्रभावित भैसके यो पछि आज सर्बसाधरण को घरघरमा कोरोना पुगिसक्दा खेरि आज आवास कम छ अब त्यो टेष्टिङ मा बिश्वास कम छ अब पहाड होस तराइ होस जहाँ पनि यो स्थिति आयको छ अब पनि यो सरकार गम्बिर भएन भने मलाइ लाग्छ बहुतै दर्दनाक अवस्थाले हामीले ठुलो जनधनको क्षति व्यहोर्न पर्ने हुन सक्छ अर्को यहि सन्दर्भमा मैले ८८ वटा पालिकालाइ हामीले बारम्बार भन्यौ अल्ट्रासाउण्डका कुराहरु उठे पिसिआर का कुराहरु उठे कहा गयो त केहि सञ्चालनमा छन कि छैनन् त अनि पिसिआर र ऐण्टिजेनको दायरा बढाउने मा हामीले भन्यौ बारम्बार कहासम्म पुग्या छ त अब खोपको ब्यापक रुपमा अगाडि बढाउनलाइ केबल संघीय सरकारलाइ मात्र नभएर अब त सक्यो भने स्थानीय तहले आफ्नो तबर बाट किन्न सकिने अवस्था भएको छ प्रदेशले किन्न किन सक्दैन स्थानीय सरकारले किन किन्न सक्दैन त्यसकारणले जे हो किन सरकार चाहियो भन्दा खेरि सरकारले केहि दिन अगाडि केहि महिना अगाडि केहि बर्ष अगाडि सोध्छ उले योजना बनाउननको लागि त्यो जिम्मेवारीको लागि जिम्मेवारी दिएको हो त्यसै जिम्मेवारी दिएको होइन । थाहै थिएन भन्न पाइने वाला छैन त्यसमा पनि चुकेको छ महालेखक परिषदले बारम्बार भनिराखेको छ जनताको लागि मात्र होइन प्रष्ट रुपले यो यो कमिकमजोरी_भएको छ भन्दा आज जतिपनि महालेखा उपरिक्षकको प्रतिवेदनलाइ जति पनि लत्याइएको छ २को दम्भको कारणले भोलि ३/
त्यो निस्कदा खेरि के हुने हो त्यसकारणलेसमयमै त्यसको कार्यान्वयनको पक्षमा सरकारको जिम्मेवारी हो कि होइन यि बहुतै जटिल कुराहरु छन छानविन खोइ बिभिन्न एम्बुलेन्सका कुराहरु बिभिद ?
कुराहरु ऊठ्दा उठ्दै बिबिध कुराहरु उठ्दा ठिक छ त्यसमा कसैले केहि नगर्या हुन सक्छ तर त्यसमा
जनतामा उठिसक्या कुरासंसदमा उठिसकेको कुरालाइ ध्यान नदिदा आज हामी यो ठाउमा पुगेका हौ त्यसैले समयमै हामी के गर्ने भन्ने बहुतै महत्वपुर्ण कुरा छ । अर्को प्रदेशको गौरवको योजनाको बारेमा त म कुरै गर्न चाहाँदिन बारम्वार भन्दा भन्दा थाकिसक्यौ कुनै पनि महत्वपुर्ण योजना के गर्दा खेरि राम्रो हन्छ भन्ने हाम्रो छैन केवल आफ्नो खुशिको आफ्नो नजिकको आफुले चाहेको र आफुसँग सेट भएका योजनाहरु बाहेक अरु योजनामा ध्यान छैन प्रदेशको योजनाको यहाको उन्नति र प्रगतिमा बल पुग्ने खालको योजना छैन । बारम्बार भन्यौ हामीले कैलाश मानसरोबर को सन्दर्भमा यलाइ प्राचिनता दियर धार्मिक हिसाबले ध्यान दिउ महाकाली करिडोर र कर्णाली करिडोर देखि लिएर पुरे भञ्याङ को कुरा होस टिङ्कर भञ्याङको कुरा होस त्यहाको गुरु योजनाको कुरा गर्छौं तर त्यसलाइ शुन्ने अवस्था छैन त्यसकारणले अब भन्नु पनि बेकार हो यहि गेटाको उसलाइ कमसेकम संघीय सम्म मिलेर रोपनी छण
थपिदियकोभए यहाको दिल्ली जाँदाखेरि यहाबाट २८ घण-मिनेटमा पुग्छ भने यहाको पर्यटकिय हिसाबले कति बढ्न सक्छ त्यसैगरि टिकापुर यअरपोर्ट छन त्यसै गरि अछामका यअरपोर्ट छन त्यसैगरेर माथि अछासडडेल्धुराका छन तिनलाइ अगाडि बढाउन ध्यान छैन त्यसरि केबल ध्यान छ खुद्रे योजनाहरुमा ,

केवल आफुलाइ कहाँ बाट बढि बेनिफिट हुन्छ त्यसमा त्यसको परीणीनीति आज संसदको सभामा आज प्रश्न चिन्ह उठेको छ चाहिन्छ कि चाहिदैन यहि सन्द्रभमा समग्र रुपमा अब यो कुराहरुलाइ संघीय प्रतिनीधि मुलक हिसाबले मैले भन्ने गरेको छु यस बर्षको नीति नियम बनाउदाखेरि पुर्णतया निति बिधान र मुल्यमान्यता कुल्चेर नगरियोस अब उपरान्त कमसेकम गत यि शिक्षा हरु लिएर गत बाट ज्ञान लिएर कमसेकम म त भन्छु यो जुगाटको सरकार छ जनताको भनाइ हो यो मैले मन्त्री मण्डल पनि आफ्नो अपेक्षा अनुसार बनेकै छ राम्रा राम्रा मन्त्रीहरु मैले देखेकै छु उहाले हाम्रो भन्दा बलियो आवाज उठायर मन्त्री मण्डल झकझकाएका माननीय मन्त्रीहरु यहि हुनुहुन्छ उहाहरुले जसरि वाज उठाउनु हुन्थ्यो अब आउने दिनहरुमा पनि ति मुखरित हुन र त्यहि अनुसारको प्रदेशको पक्षमा र प्रदेशका जनताको प्रगति उन्नतिमा बल पुगोस भन्ने मैले कामना गर्न चाहान्छु र तपाइहरुलाइ बधाइ पनि दिन चाहान्छु तर यसरि चाहि आउदा दिनमा जनतालाइ सर्बपरि राख्नुपर्छ र बिशेस गरि माननीय ज्युहरु लाई एउटा बिभिद गर्ने काम र माननीय ज्युहरुमा  बिशेस समानुपातिक र प्रत्यक्ष भन्ने सन्दर्भमा सबैले भोट यउटै हुन्छ सम्मान दिने कुरामा तल माथी गरियो त्यो पनि भोग्ने हो त्यसकारणले त्यो गरिने छैन भन्ने मैले बिश्वास लिएको छु र प्रतिपक्ष पनि वास्तवमा संङ्ख्यमा कम भन्लान बर्त्ति भन्लान त्यो होइन यहा राष्ट्रिय पार्टिका छन यहा सङ्ख्या कम होला राजपा अथवा जसपा कम होला कांग्रेस कम होला अथवा अर्को कम होला त्यो नसोचेर यो बर्षको कार्य योजना बनाउदा काम गरियोस र प्राथमिकताको हकमा अन्तमा माननीय सभामुख महोदय कोभिड १९ लाइ र कालो ढुसिलाइ हामीले बिशेष गरि प्राथमिकता दिनुपर्छ त्यो कोभिड र कालो ढुसिलाइ मौकाको रुपमा नलियर साच्चिकै जनतालाइ को स्वास्थ्यमा ध्यान दियर हामीले केहि योजना बनायौ भने हामीले धेरै बचाउन सक्छौ । मजदुर हरु बिशेस गरि कम आयस्रोत भएकालाइ लकडाउनको कारणले अहिले उनिहरुको हात मुख जोडिन सकेको छैन । तुरुन्त यथाशिघ्र स्थानीय सँग समन्वय गरेर संघीय सँग समन्वय गरेर प्याकेजका कुराहरु ल्याउनु पर्ने हुन्छ अहिले ठाउ ठाउको मैले कृष्णनगरको सुन्या छु त्यसतै गरेर घोडाघोडि वरिपरिका मान्छेहरुको बुझ्या छु टिकापुरका वरिपरिका मान्छेहरुको बुझ्या छु मान्छेहरु भिकमरीको अवस्थामा पुगिसक्या छन त्यसको लागि यो सरकार अगाडि बढोस र उचित राहतको व्यवस्था गरोस । अर्को प्रदेशको गौरवका योजनामा शुरुवात कमसेकम सानो भए पनि गरोस र बजेट बिधि तथा सन्तुलित र पारदर्शि हिसाबले बढोस र उत्पादानमुखि र नचाहिदो ठाउमा यो पुरानो बजेट हो भएङ्कर ठुलो शिर्षक छ पहिले देखि आएको र त्यो पुरा  भन्ने खालको होइन । कमसेकम अहिलेको अर्थमन्त्री अलि डायनामिक भएको देखेको छु कमसेकम नचाहिने योजना राख्नु भन्दा देखिने योजनाहरुलाइ छोटो अवधिमा काम गर्न सकिने योजनाहरुलाइ छनोट गर्ने हिम्मत पनि हुनपर्यो । बिगतका अर्थमन्त्री जस्तै गाली खानुभन्दा मैले माननीय अर्थमन्त्रीलाइ देख्या छु माननीय सभामुख महोदय कमसेकम बिधि र पद्धति र सबैलाइ सम्मान हुने योजना बनायो भने कम होला तर त्यो राम्रो हुन्छ त्यसको परिणाम मा सबले राम्रो मान्छ । ब्यक्तिबादि चरित्रका साथ गर्नु भयो भने त्यसको परिणाम राम्रो हुने छैन । त्यसैले अर्को एउटा महत्वपुर्ण कुरा मैले के थियो भने शुशान ऐन को कार्यान्वयन ०७५ मा भएको प्रमाणित भैसकेको

कारणले त्यसमा अलिकति गम्भिर ध्यान दिन जरुरि छ र यहि कुराहरु राख्दै यो आठौं अधिवेशन को सफलताको कामना गर्न चाहान्छु र यो अधिवेशनलाइ हामी साच्चिकै बिधाएक हरुले बिशेश गरि नीति नियम बिधि प्रकृयाहरुलाइ अगाडि मानेर सम्मान गरेर अगाडि बढौं हाम्रो उन्नति त्यसैमा छ प्रदेशमा भएको सभासदको हैसियतले होस वा यहाको पदाधिकारि सरकारमा भएको हैसियतले होस सवैले गौरव गर्ने वातावरणलाइ जति छोटो भए पनि सदुपयोग गरौ र सवैले सकभर सहकार्य गर्ने बातावरण बनाउ यहि भन्दै बिदा हुन्छ ह्वस्त धन्यबाद नमस्कार ।

माननीय सभामुख महोदय,
मरुभुमिमा जति पानी हाले पनि कहिल्यै पनि हरियाली हुन सक्दैन आखिर बालुवा त सुख्खा नै हुन्छ आखिर कुकुरको पुच्छर बाङ्गो त ढुङ्ग्रोमा हाले पनि सिधा त हुदैन आखिर निकाल्दा उ बाङ्गो नै हुन्छ बाघलाइ भेडाको खोल ओडाय पनि उ कहिल्यै भेडा हुन सक्दैन आखिर उसको स्वाभाव भेडाको जस्तै हुन्छ उसलाइ जति पाले पनि उ घास कहिल्यै खादैन किनकि उ मांसहारि हो माशु र रगत नै मन पराउछ । बङ्गुरलाइ जति नुहाय पनि आखिर उ खोल्ने बितिक्कै हिलोमा जान्छ किनकि उ फोहोर नै मनपराउछ । सिनोलाइ जति ढाके पनि छोपे पनि उ गन्हाउछ किनकि उ भित्रभित्रै उ कुहिसकेको हुन्छ उ भित्र भित्रै कुहिसकेको हुन्छ ।

सभामुख महोदय, सबै भन्दा पहिला हाम्रो यो सुदुरपश्चिम प्रदेश को प्रदेश प्रमुख माननीय मोहन राज मल्ल अस्ति मृत्य बरण उहाको भयो । म श्रद्धाञ्जली ब्यक्त गर्न चाहान्छु र उहाको परिवार प्रति हार्दिक समवेदना प्रकट गर्न चाहान्छु । साथै आज जातिय छुवाछुत तथा जातिय बिभेद उन्मुलन दिवसको हार्दिक शुभकामना पनि ब्यक्त गर्न चाहान्छु हाम्रो देश नेपाल यो पछिल्लो चरणमा कता जाँदै छ के भैरहेको छ के हुने वाला छ के भैरहेको छ अनुमान गर्न वडा गाह्रो छ सभामुख महोदय नेपाली जनताले सोच्न नसकेका कुराहरु नेपालमा घटिरहेको छ र हाम्रो सुदुरपश्चिममा पनि यो घटना घट्ने क्रम जारी रहेको छ । शुरु भै सकेको छ र यो चाहि हामी सुदुरपश्चिम प्रदेश बासि र हामी सवैको लागि दुःखको कुरा हो भन्ने ब्यक्त गर्न चाहान्छु । सभामुख महोदय हाम्रो यो सुदुरपश्चिम प्रदेश पहिले देखि नै बिभेद भयो भनेर एकजना पुर्बवक्ता माननीय ज्युले भन्नु भयो क्षतिपुर्ति सहित आउनुपर्थ्यो आउनु पर्छ भन्ने कुरा राख्नु भयो मैले यो कुरालाइ सहजै स्विकार गर्न सक्दैन किनभने यो सुदुरपश्चिम प्रदेशले प्रधानमन्त्री नपाको हो र यो सुदुरपश्चिम प्रदेशले उपप्रधानमन्त्री नपाको हो र यसले अरु मन्त्री नपाको होर र थुप्रै मन्त्री पायो सुदुरपश्चिम प्रदेशले प्रधानमन्त्रि सायद मलाइ लाग्छ हाम्रो देश नेपालको ईतिहासमा लामो समय सम्म प्रधानमन्त्री पटक पटक प्रधानमन्त्री पायको सुदुरपश्चिमले उपप्रधानमन्त्री पायको प्रदेश भित्रको एउटा यो प्रदेश पनि हो अनि हामीले कसरि क्षति पुर्ति माग गर्ने त्यसकारणले मलाइ अलिकति यो स्विकार गर्न चाहि गाह्रो लाग्छ प्रधानमन्त्री नपाएको भए हामी माग्न सक्थ्यौ भन्न सक्थ्यौ उप प्रधानमन्त्री नपाएको भए हामी भन्न सक्थयौ माग्न सक्थ्यौ तर कति जिल्लाले प्रधानमन्त्री पाएन यो देशमा तर यो सुदुरपश्चिम प्रदेशले पायो किन हाम्रो यो सुदुरपश्चिम प्रदेशमा यो प्रदेश बाट प्रधानमन्त्री

पाइसकेपछि पनि पटक पटक पाए पनि किन यो प्रदेश लाई हेर्न सकेनन् हाम्रो प्रधानमन्त्रीहरुले त्यति बेलाका उपप्रधानमन्त्रीहरुले गृह मन्त्रिहरुले किन हेर्न सकेनन् प्रश्न त्यहा छँ हेर्नुस सभामुख महोदय त्यसकारणले नेपालको राजनीति यस्तै हो कुर्सिको लडाई भयो भन्ने कुरा आछ अहिले त कोले कुर्षिको लडाइ गरेन कुर्षिको लडाई गरेर पार्टिहरु फट्दै छन यहा देखि त्यहासम्म मेरो पार्टि पनि देशमा अछुतो छैन अनि अरुलाइ दोष दिने हामीले कुर्सिको लडाई नै हो सबै हो यो आधा आधा प्रधानमन्त्री यो पार्टिको भएको कारणले यस्तो अवस्था भएको छ अनि यो कुर्षिको लडाई होईन? कुर्षिको लडाई हामी सबै पार्टिमा भैराखेको छ तर आरोप हामिलाइ लगाउछ त्यो कुराहरु त्यति आरोप लगाउने कुरा होइन त्यो मलाइ लाग्छ सभामुख महोदय त्यहि हो देश यस्तै चलिरहन्छ यो दुखका साथ भन्नु पर्छ हामी नेपालीहरु दुखि छौ यसमा हाम्रो सुदुरपश्चिम प्रदेश सरकारको बारेमा यहा धेरै कुरा उठ्यो हामीले यो भन्दा पहिला पनि धेरै कुरा भन्यौ हाम्रो भनाइको अर्थ लागेन हाम्रो भनाइ तिर सुदुरपश्चिम प्रदेश सरकारको ध्यान कहिले पनि गएन त्यसकारणले अब धेरै कुरा भन्नु भन्दा पनि हामी अब आज हो कि भोलि हो कि ६ महिना हो कि बर्ष दिन हो कि भन्ने थाहा छैन हुनसक्छ हाम्रो आयु समाप्त त्यसकारणले अब कति भनिराखु भन्न पनि मन लाग्दैन गत बर्ष मेरै निर्वाचन क्षेत्रमा ठुलो बाढि आयो हामीले पनि यहि प्रदेश हाम्रै सुदुरपश्चिम प्रदेश सरकारका माननीय मुख्यमन्त्री हाम्रो आन्तरिक मामिला तथा कानुन मन्त्री लगायत अन्य थुप्रै मन्त्री हरु जानु भयो त्यहा बाढि हेर्नु भयो भत्केको ठाउ हेर्नु भयो नदि कटान हेर्नु भयो अनि बोल्नु भयो त्यहाका जनताका सामु बोल्नु भयो अब सुदुरपश्चिम प्रदेश सरकारले यहानेर तटबन्ध लगाउछ यहानेर पुल लगाउछ यहानेर यो गर्छ भन्नु भयो अहिले सम्म भएको छैन त्यसकारणले कति भनिराखे हाम्रो यो भन्दा पहिला बोल्ने पुर्बवक्ता माननीय ज्युले भन्दै हुनुहुन्थ्यो सुदुरपश्चिम प्रदेश सरकारले केहि पनि गरेन मैले त अहिले त खुशि मानिराखेको छ कम्तिमा १ लाइन , २ लाइन, ३ लाइन अब ४ लाइन सम्म त मन्त्रीहरुको लाइन भरिदै छ यो उपलब्धि होइन हाम्रो ४ लाइनको मन्त्रिको उपस्थिति भयो भने त हाम्रो उपलब्धि हुन जान्छ यो कम्तिमा हाम्रो जङ्गोल मन्त्री मण्डल गठन भयो नित माननी सभामुख महोदय हाम्रो प्रदेश सरकार पनि यस्तै हो अब यस्तै जान्छ यहा जति कराए पनि जे भाषण गरेर पनि केहि हुने वाला होइन यो प्रदेशमा मैले एउटा सुझाब मात्रै दिन्छु अब केहि समय हामी सँग छ कम्तिमा हाम्रो प्रदेश सरकारले जुन सानो सानो रकम को योजनाको ठेक्का दिएको छन प्रदेश सरकारले अनुगमन गरेको छ हेरेको छ त्यो बुझेको छ त्यो जवाफ छ हाम्रो मन्त्री हरुसँग छैन ठेक्का दियो कस्तो आफ्नो मा कस्को मिलिमहत्वमा सानो सानो योजनाको लागि पनि १५ लाख, २० लाखको पनि ठेक्का दिएको छ ठेकेदारहरु अहिले सम्म कति योजनामा हात लगाको छैन अब हामी सँग १ महिना मात्र बाकि छ १ महिना पनि नभनौ अब थोरै योजनामा अलिकति सानो ग्राभेल हालेको छ अनि त्यसपछि कहाँ गायब छ सरकारले हरेको छ त्यो कुरा हरेको छैन अहिले सम्म त्यसकारणले यदि हुन सक्छ भने अब यो नयाँ नयाँ अनुहारको मन्त्रीहरु आउनु भएको छ नयाँ जोश जाँगर लिएर आउनु भएको छ कम्तिमा अब यो १५-२० दिन एक महिना छ कम्तिमा सानो साना रकमका ठेक्का लिएका ठेकेदार हरु खोज्नुस र काम गर्न लगाउनुस काम गर्दैन भने उसको ठेक्का खारेज गर्नुस यति

आँट त गर्नुस मन्त्रीहरु यति त गर्नुस यो बस्ने मन्त्रीहरु शुभकामना छ अब हामी यो बजेट अधिवेशन आज हाम्रो नियमले हाम्रो कानुन ले भन्छ सरकारको नियमले भन्छ अब यो आउने मन्त्रीमा छलफल गर्नु पर्छ आज २८ गते भैसकेको छ असारमा बजेट आउदै छ मलाइ शंका लागिरहेको छ । अब फेरि अर्कै ढङ्गले आउने हो कि अब यो ८-१० दिनमा के छलफल हुन्छ । त्यसकारणले त्यहा मेरो गम्भिर प्रश्न उठेको छ माननीय सभामुख महोदय जे होस अब आउने आर्थिक बर्षमा हामी यो बजेटको खाता बनाउदै छौ अगि एकजना माननीय ज्युले भन्नु भयो अलिकति पनि लाज छ भने अलिकति भए पनि सन्तुलित बनाइदिनुस मेरो पनि भनाइ त्यहि हो यदि सकिन्छ भने सकिन्न भने त केहि पनि छैन अब ३ बजेट हामी योजनाहरु हामीले कार्यान्वयन हरु हेर्यौं हामीले माग्यौ बजेटहरु भएन भने अब के हुन्छ यदि सकिन्छ भने अलकति नैतिकता छ भणे सन्तुलित बनाइदिनुस यति मात्र हो र अब आउने बजेट छ माननीय सभामुख महोदय कोरोनाको दोस्रो लहरमा हामी यो एकदमै पिडामा छौ हाम्रो जनताहरु पिडामा छ छटपटाउदै छ मर्दै छ अक्सिजन छैन भेन्टिलेटर छैन आईसियु बेड छैन बडा यस्तो बिषम परिस्थितमा हामी गुज्रिरहेका छौ यस्तो अवस्थामा आउने बजेट सकिन्छ भने माननीय सभामुख महोदय हाम्रो अर्थ मन्त्री पनि अहिले नयाँ हुनुहुन्छ मुस्कुराउदै हुनुहुन्छ अब यो कोभिड केन्द्रित बजेट ल्याउनुस जनतालाइ त कम्तिमा बचाउनुहोस जनता बाच्यो भने भोलि हामी बाच्छौ हामी रहन सक्छौ जनता बाँचेन भने तपाई हामी रहन सक्दैनौ त्यसकारणले भोलि हुन सक्छ भने हाम्रो सरकारले अब यो कोभिड ऊन्मूख बजेट ल्याउनुस हामीलाइ अक्सिजनको कति अभाव छ भेन्टिलेटरको कति अभाव छ बेडहरु छन कि छैनन् यतातिर ध्यान दिनुस र त्यहि केन्द्रित बजेट ल्याउनुहोस भन्ने म दिन चाहान्छु र अब कति शुभकामना दिने हो ७ चोटि हामीले अधिवेशनको शुभकामना दिईसक्या छौ यो आठौं हो शुभकामना लिनुहोस हाम्रो सुदुरपश्चिम प्रदेश बाशिको यो प्रदेशमा जुन अपेक्षा थियो आशा थियो त्यो पुरा होस यहि शुभकामना फेरि पनि दिदै म बिदा हुन्छ नमस्कार जय थरुहट ।

**माननीय सदस्यहरु,**

आजको विशेष समय यही समाप्त हुन्छ ।अर्को वैठक मिति २०७८ साल जेष्ठ २३ गते आईतबार दिउँसो ३:०० बजे बस्ने भएकोले उक्त समय सम्मका लागि वैठक स्थगित भएको घोषणा गर्दछु ।